# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असार १५ गते २०३३ साल [ संख्या ११

### महालेखापरीक्षकको विभागको

### सूचना

महालेखापरीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी
(छैठौं संशोधन) नियमावली, २०३३

महालेखापरीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उप–दफा (२) र दफा १० को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "महालेखापरीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी (छैठौं संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावलीको,–

(क) नियम ७, २०३३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

(ख) नियम ८,९,१०,११,१२,१३,१४ र १५, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

623

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. महालेखापरीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम २.५ मा संशोधन : महालेखापरीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ (यसपछि मूल नियमावली भनिएको) को नियम २.५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

(क) बहीदार कम टाइपिष्ट वा सो सरह वा सोभन्दा मुनिका लागि सोन्ह वर्षको र मुखिया, खरिदार, नायवसुब्बा वा सो सरहका लागि अठाह्र वर्षको र सोदेखि माथिका अन्य पदका लागि एक्काईस वर्षको उमेर पूरा नभएका,

३. मूल नियमावलीको नियम ५.१ मा संशोधन : मूल नियमावलीको नियम ५.१ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः–

"(ज) प्रसूती बिदा"

४. मूल नियमावलीको नियम ५.२ मा संशोधन : मूल नियमावलीको नियम ५.२ को उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) झिकिएको छ ।

५. मूल नियमावलीको नियम ५.७ मा संशोधन : मूल नियमावलीको नियम ५.७ को उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

"(२) अध्ययन बिदामा बस्ने पदाधिकारीले पूरा तलब पाउनेछ ।"

६. मूल नियमावलीको नियम ५.८ पछि नियम ५.८ क थप : मूल नियमावलीको नियम ५.८ पछि देहायको नियम ५.८ क थपिएको छः–

"५.८ क प्रसूती बिदा : स्त्री पदाधिकारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी साठी दिन प्रसूती बिदा पाउनेछ ।

तर तीस दिनभन्दा बढी प्रसूती बिदा बसेको दिन जति बिदा बस्ने पदाधि–कारीको सञ्चित घर बिदाबाट कट्टा हुनेछ । त्यसरी सञ्चित घर बिदाबाट कट्टा गर्न नपुग दिन जति पाउने घर बिदाबाट कट्टा गरिनेछ।"

७. मूल नियमावलीको नियम ७.१ मा संशोधन : मूल नियमावलीको नियम ७.१ को–

(१) उप–नियम (१) को सट्टा देहायको उप–नियम (१) राखिएको छः–

"(१) पदाधिकारीको उमेर साठी वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।"

(२) उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२६

"(२) उप–नियम (१) मा जेसुकै लेखिए तापनि सरकारी कामकाज चलाउनलाई नभै नहुने विशेषज्ञको हकमा श्री ५ को सरकारले दुई वर्षको एक अवधिसम्म थप गरी सो पदाधिकारीको अवकाशको समयलाई निजको उमेर बैसट्ठी वर्ष पूरा नहुन्जेलसम्म पर सार्न सक्नेछ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको निमित्त पदाधिकारीको उमेर देहाय बमोजिम हिसाब गरिनेछ :–

(क) सेवामा प्रवेश गरेको बेलामा किताबखानामा दिएको जन्मदिन वा स्कूल, विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाले दिएको प्रमाण–पत्रमा किटिएको जन्मदिनबाट हुन आएको उमेर,

(ख) त्यस्तो रेकर्ड नभएमा निजले सरकारी सेवामा प्रवेश गरेको बेला सिटरोलमा किटेको उमेर"

८. मूल नियमावलीको नियम ७.३ मा संशोधन : मूल नियमावलीको नियम ७.३ को–

(१) खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छ :–

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका पदाधिकारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी ½ महीनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेका पदाधिकारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १ महीनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष पूरा नभएसम्म सेवा गरेका पदाधिकारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी १½ महीनाको तलब ।

(२) प्रतिबन्धात्मक वाक्यांश (१) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (१) राखिएको छ :–

"(१) खण्ड (क), (ख) वा (ग) अनुसार पाउने उपदानको रकम क्रमशः रू. ७,५००।–, रू. १५,०००।– र रू. २२,५००।– भन्दा बढी हुने छैन र अस्थायी पदमा वा अस्थायी नियुक्ति हुने पदमा नियुक्त भएको पदाधिकारीले यस नियम बमोजिम उपदान पाउन सक्ने छैन।"

९. मूल नियमावलीको नियम ७.४ मा संशोधन : मूल नियमावलीको नियम ७.४ को सट्टा देहायको नियम ७.४ राखिएको छ :–

"७.४ निवृत्तभरण : बीस वर्ष वा सोभन्दा बढी समयसम्म सेवा गरेका देहायका पदाधिकारीले देहाय बमोजिमका हिसाबले मासिक निवृत्तभरण पाउने छन् :–

(क) राजपत्राङ्कित पदाधिकारीको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{६०}$$

(ख) पियन वा सो सरह बाहेक अन्य राजपत्र अनंकित पदाधिकारीको हकमा –

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५५}$$

(ग) पियन वा सो सरहका पदाधिकारीको हकमा –

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

तर–

(१) महालेखापरीक्षकको विभागलाई पद नै नचाहिने भई खारेजीमा परेका वा शारीरिक अस्वस्थताको कारणले सरकारी सेवा गर्न असमर्थ भएको कुनै पदाधिकारीको सेवाको जम्मा अवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो पदाधिकारीको जम्मा अवधिमा निवृत्तभरण पाउने अवधि पुऱ्याउन बढीमा पाँच वर्षसम्म थपिनेछ ।

(२) यस नियम अनुसार पाउने निवृत्तभरणको रकम मासिक रू. ७५०।– भन्दा बढी हुने छैन र भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका पदाधिकारीले यस नियम बमोजिम निवृत्तभरण पाउन सक्ने छैन।

(३) कुनै सरकारी पदमा अघि गरेको नोकरी बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि सेवा वा पदमा नियुक्ति भएमा निजले पछि गरेको नोकरी बापत यो नियम बमोजिम निवृत्तभरण पाउने छैन ।

(४) सरकारी नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा-सम्बन्धी कुनै योग्यता, तीन पुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेको प्रमाणित हुनआएमा यो नियम बमोजिम निवृत्तभरण दिइने छैन । तर कसूर प्रमाणित हुनु अगावै खाइपाइसकेको रकम फिर्ता गर्नु पर्ने छैन ।"

१०. मूल नियमावलीको नियम ७ . ५ मा संशोधन : मूल नियमावलीको नियम ७ . ५ को–

(१) उप–नियम (१) मा रहेको "पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "सात वर्ष" भन्ने शब्दहरू राखिएका छन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक बाक्यांश राखिएको छः–

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दैमा मृत्यु भएको पदाधिकारीको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।

स्पष्टीकरणः– यस्तो निवृत्तभरण २०३२ साल श्रावण १ गतेभन्दा अघिदेखि पाई २०३२ साल श्रावण १ गते वा सोभन्दा पछिसम्म पाइरहेका व्यक्तिले यस्तो निवृत्तभरण पाउन थालेको मितिले सात वर्ष नपुगेसम्म पाउनेछ।

११. मूल नियमावलीको नियम ७. ६ मा संशोधनः मूल नियमाबलीको नियम ७. ६ को,–

(१) उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

"(२) उप–नियम (१) बमोजिम अशक्त भएको पदाधिकारीको सेवाको अवधि निवृत्तभरण पाउने अवस्था पुगेको छ भने निज तत्काल बहाल रहेको उच्चतम पद (कायम मुकायम गरेको वा नियम ८. ५ को उप–नियम (२) बमोजिम काम गरेको भए सो पदको समेत) को तत्काल पाएको तलबको नियम ७. ४ बमोजिम हिसाब गरी हुन आउने रकम निवृत्तभरण पाउनेछ। त्यस्तो अशक्त भएको पदाधिकारीको सेवाको अवधि निवृत्तभरण पाउने अवस्था पुगेको छैन भने निवृत्तभरण पाक्ने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा बा बानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गरी बाँकी हुन आउने निवृत्तभरणको अङ्क पाउनेछ र यसरी कट्टी गर्दा एक–तिहाईभन्दा बढी कट्टी गरिने छैन।

उदाहरणार्थः– कुनै पदाधिकारीको तत्कालको उच्चतम पदको तलबको हिसाबले नियम ७. ४ बमोजिम बीस वर्ष सेवा गरेकोमा मासिक रू. १००।– निवृत्तभरण हुन्थ्यो भने देहायको नोकरी अवधिको निमित्त देहाय बमोजिमको दरले निवृत्तभरण पाउनेछः–

| नोकरी वर्ष | मासिक अशक्त निवृत्तभरण |
|---|---|
| १५ | रू. ७५।– |
| १४ | रू. ७०।– |
| १० | रू. ६६।६६।२ एक–तिहाईभन्दा |
| ५ | रू. ६६।६६।२ बढी कट्टी नगर्दा |

(२) उप–नियम (३) को सट्टा देहायको उप–नियम (३) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अशक्तता बापत उप–नियम (२) मा लेखिएको निवृत्तभरणमा थप पाउने मासिक अशक्त भत्ता देहाय बमोजिम हुनेछ–

| अशक्तताको प्रतिशत | सबै राजपत्राङ्कित श्रेणीहरू | राजपत्र अनं-कित प्रथम श्रेणी | राजपत्र अनं-कित द्वितीय श्रेणी | राजपत्र अनं-कित तृतीय र चतुर्थ श्रेणी | पियन र सो सरह |
|---|---|---|---|---|---|
| १०० | रू. १२५।– | रू. ६०।– | रू. ४८।– | रू. ४४।– | रू. ४०।– |
| ९० | रू. ११२।५० | रू. ५४।– | रू. ४३।५० | रू. ३९।५० | रू. ३६।– |
| ८० | रू. १००।– | रू. ४८।– | रू. ३८।५० | रू. ३५।– | रू. ३२।– |
| ७० | रू. ८७।५० | रू. ४२।– | रू. ३४।– | रू. ३१।– | रू. २८।– |
| ६० | रू. ७५।– | रू. ३६।– | रू. २९।– | रू. २६।५० | रू. २४।– |
| ५० | रू. ६२।५० | रू. ३०।– | रू. २४।– | रू. २२।– | रू. २०।– |
| ४० | रू. ५०।– | रू. २४।– | रू. १९।५० | रू. १७।५० | रू. १६।– |
| ३० | रू. ३७।५० | रू. १८।– | रू. १४।५० | रू. १३।५० | रू. १२।– |
| २० | रू. २५।– | रू. १२।– | रू. १०।– | रू. ९।– | रू. ८।– |

स्पष्टीकरणः– (क) सयकडा बीसभन्दा कम्ती अशक्ततालाई अशक्त भएको मानिने छैन।

(ख) अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका पदाधिकारी पछि सेवा वा पदमा प्रवेश भएमा वा कायम रहेमा (नोकरीको अवधिभर) यो नियममा लेखिएको अशक्तवृत्त पाउने छैन।

(३) उप–नियम (४) मा रहेको "पाँच वर्ष" भन्ने शब्दहरूको सट्टा "सात वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

१२. मूल नियमावलीको नियम ७.७ मा संशोधनः मूल नियमावलीको नियम ७.७ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

(१) असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान : (१) कुनै पदाधिकारीको सरकारी कामको सिलसिलामा दुर्घट्नामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा स्त्रीलाई देहाय बमोजिमको छुट्टै आजीवन पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिइनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मृत पदाधिकारीको श्रेणी | पारिवारिक वृत्तिको मासिक दर | पटके उपदान |
|---|---|---|
| राजपत्राङ्कित विशिष्ट श्रेणी | रू. २५०।– | रू. ८,७५०।– |
| राजपत्राङ्कित प्रथम श्रेणी | रू. १९५।– | रू. ६,५००।– |
| राजपत्राङ्कित द्वितीय श्रेणी | रू. १३५।– | रू. ४,०५०।– |
| राजपत्राङ्कित तृतीय श्रेणी | रू. १०५।– | रू. ३,८००।– |
| राजपत्र अनंकित प्रथम श्रेणी | रू. ७५।– | रू. २,२५०।– |
| राजपत्र अनंकित द्वितीय श्रेणी | रू. ४८।– | रू. १,१२०।– |
| राजपत्र अनंकित तृतीय श्रेणी | रू. ४२।५० | रू. ८५०।– |
| राजपत्र अनंकित चतुर्थ श्रेणी | रू. ३६।– | रू. ५४०।– |
| पियन वा सो सरह | रू. ३०।– | रू. ४००।– |

१३. मूल नियमावलीको नियम ७.७ पछि नियमहरू थप : मूल नियमावलीको नियम ७.७ पछि देहायको नियम ७.७ क र ७.७ ख थपिएको छः–

७.७ क शैक्षिक भत्ता तथा सन्तति वृत्ति : (१) कुनै पदाधिकारीको सरकारी कामको सिलसिलामा दुर्घट्नामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत या अशक्त पदाधिकारीको प्रत्येक सन्ततिलाई अठाह्र वर्षको उमेर नपुगुन्जेल देहायको दरले वार्षिक शैक्षिक भत्ता दिइनेछः–

(क) राजपत्राङ्कित पदाधिकारीको प्रत्येक सन्ततिलाई रू. ६००।–

(ख) राजपत्र अनंकित पदाधिकारीको प्रत्येक सन्ततिलाई रू. ४००।–

(२) सरकारी कामको सिलसिलामा मृत्यु भएको पदाधिकारीको प्रत्येक सन्ततिलाई उप-नियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत त्यस्तो मृत पदाधिकारीको प्रत्येक सन्ततिलाई देहायको दरले मासिक सन्तति वृत्ति समेत दिइनेछः–

| पदाधिकारीको श्रेणी | आमाबाबु दुबै जीवित नहुने सन्तति | आमा वा बाबु मध्ये कुनै एक जीवित हुने सन्तति |
|---|---|---|
| (क) सबै राजपत्राङ्कित श्रेणीहरू | रू. ७५।– | रू. ६५।– |
| (ख) राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी | रू. ३५।– | रू. ३१।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 623

(ग) राजपत्र अनंकित तृतीय
श्रेणी र चतुर्थ श्रेणी रू. ३२।– रू. २६।–

(घ) पियन वा सो सरह रू. ३०।– रू. २८।–

(३) उप-नियम (२) बमोजिम वृत्ति सम्बन्धित सन्ततिले एक्काईस वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

तर एक्काईस वर्षको उमेर पूरा नहुँदै विवाह गर्ने सन्ततिको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तति वृत्ति दिइने छैन ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "सन्तति" भन्नाले मृत वा अशक्त पदाधिकारीको छोरा तथा छोरी सम्झनु पर्छ ।

७.७ ख समितिको व्यवस्था : (१) कुनै पदाधिकारीको सरकारी कामको सिलसिलामा मृत्यु भएमा वा आजीवन अशक्त भएमा निजले वा निजको परिवार वा सन्ततिले पाउने वृद्धि वा उपदानको सम्बन्धमा सिफारिश गर्न देहायका सदस्यहरू भएको एउटा समिति रहनेछ :–

(क) अर्थ मन्त्रालयको प्रतिनिधि,

(ख) प्रशासन व्यवस्था विभागको प्रतिनिधि,

(ग) महालेखापरीक्षकको विभागको प्रतिनिधि ।

(२) उप-नियम (१) बमोजिम गठित समितिलाई कुनै पदाधिकारीको मृत्यु सरकारी कामको सिलसिलामा भएको हो वा होइन र अशक्तता बापतको प्रतिशतको सम्बन्धमा समेत सिफारिश गर्ने अधिकार हुनेछ ।

१४. मूल नियमावलीको नियम ७.८ मा संशोधन : मूल नियमावलीको नियम ७.८ को सट्टा देहायको नियम ७.८ राखिएको छः–

७.८ उपचार खर्च : (१) कुनै पदाधिकारी बिरामी भएमा औषधोपचारको लागि देहाय बमोजिम भएको खर्चको नब्बे प्रतिशत रकम उपचार खर्च बापत दिइनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरीद गरेको औषधी खर्च,

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्के– पछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्ब–

620
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, बैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेस्–क्रिप्शन अनुसार खरीद गरेको औषधी खर्च,

(ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, बैद्य वा हेल्थ असिष्टेण्ट पनि नभएको ठाउँमा भएको उपचारमा निर्देशकभन्दा मुनिको पदाधिकारीको हकमा निर्देशकले र निर्देशक तथा सोभन्दा माथिल्लो दर्जाको पदाधि–कारीलाई महालेखापरीक्षकले सिफारिश गरेको खर्च,

(घ) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ होममा चिरफार गरेको खर्च भने दिइने छैन,

(ङ) चस्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिल बमोजिम खर्च ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारीको तमाम नोकरी अवधिभरमा राजपत्राङ्कित पदाधिकारी भए नौ महीना बराबरको र राजपत्र अनंकित पदाधिकारी भए डेढ वर्षको तलब बराबरको रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर, सरकारी कामको सिलसिलामा चोट पटक लाग्न गई घायल भएको पदाधि–कारीको उपचार गर्न वा नेपाल अधिराज्यभित्र औषधोपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त मेडिकल वोर्डले सिफारिश गरेको पदाधिकारीले विदेशमा गई उपचार गराउन चाहेमा उप–नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(३) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै पदाधिकारीले पेश्कीको रूपमा लिन चाहेमा कारण मुनासिब देखिए उप–नियम (२) को अधीनमा रही पछि हिसाब बुझा-उने गरी पेश्की दिन सक्नेछ र यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएका बढी भए जति रकम सम्बन्धित पदाधिकारीको तलब–बाट किस्ताबन्दीमा कट्टी गरिनेछ ।

तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित पदाधिकारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

(४) यस नियम बमोजिम औषधी उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै कुनै पदाधिकारीको मृत्यु भएमा निजको परिवारको सदस्यहरूमध्ये नियम ७.५ बमोजिम निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) यस नियममा यसअघि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका पदाधिकारीले एक पटकमा देहायको रकमभन्दा घटी खर्च भएको उपचार खर्च पाउने छैन।

| पदाधिकारी | रकम |
|---|---|
| (१) राजपत्राङ्कित विशिष्ट श्रेणी | रू. १७१।– |
| (२) राजपत्राङ्कित प्रथम श्रेणी | रू. १३२।– |
| (३) राजपत्राङ्कित द्वितीय श्रेणी | रू. ८५।– |
| (४) राजपत्राङ्कित तृतीय श्रेणी | रू. ५७।– |
| (५) राजपत्र अनंकित प्रथम श्रेणी | रू. ३२।– |
| (६) राजपत्र अनंकित द्वितीय श्रेणी | रू. २१।– |
| (७) राजपत्र अनंकित तृतीय श्रेणी | रू. १४।– |
| (८) राजपत्र अनंकित चतुर्थ श्रेणी | रू. १२।– |
| (९) पियन र सो सरह | रू. १०।– |

(६) झुट्ठा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने पदाधिकारी उपर विभागीय कारवाई गरिनेछ। त्यसरी उपचार खर्च लिइसकेको भए सो रकम समेत त्यस्तो पदाधिकारीबाट असूल गरिनेछ।]

१५. मूल नियमावलीको नियम ७.१० मा संशोधन : मूल नियमावलीको नियम ७.१० को सट्टा देहायको नियम ७.१० राखिएको छ :–

७.१० तलबको उल्लेख : (१) यस परिच्छेदमा जहाँ जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित पदाधिकारीको तत्कालको तलब रकम (स्केल वृद्धि समेत) लाई जनाउनेछ।

(२) नियम ७.३ र ७.४ को प्रयोजनको लागि आखिरी तलब भन्नाले सम्बन्धित पदाधिकारीले अवकाश प्राप्त गर्ने बेलाको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै पदाधिकारी असाधारण बिदा वा विशेष बिदामा बसेको वा सस्पेण्डमा रहेको भए त्यस्तो अवधिभरको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

१६. मूल नियमावलीको नियम ७.११ मा संशोधन : मूल नियमावलीको नियम ७.११ को सट्टा देहायको नियम ७.११ राखिएको छ :–

७.११ निवृत्तभरणसम्बन्धी कार्यविधि : (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने पदाधिकारीले अवकाश लिने मितिभन्दा छ महीना अगावै श्री ५ को सरकारद्वारा तोकिएको फाराम भरी आफू बहाल रहेको कार्यालय मार्फत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

632

१७. मूल नियमावलीको नियम ८.१ मा संशोधन : मूल नियमावलीको नियम ८.१ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१८. मूल नियमावलीको नियम ११.१० मा संशोधन : मूल नियमावलीको नियम ११.१० को सट्टा देहायको नियम ११.१० राखिएको छः–

११.१० बहाली बर्खासीको पूर्जी दिने : (१) देहायको अधीकारीले देहायका पदाधिकारीलाई बहाली बर्खासीको पूर्जी दिइनेछ ।

(क) राजपत्राङ्कित पदका पदाधिकारीलाई महालेखापरीक्षक,

(ख) राजपत्र अनंकित पद र पियन वा सो सरहका पदाधिकारीलाई महालेखापरीक्षक वा निजबाट अधिकार प्राप्त अधिकारी।

(२) उप–नियम (१) बमोजिम कुनै पदाधिकारीलाई बहाली पूर्जी दिँदा निजले बहाली गर्नु पर्ने मितिसमेत तोकी सम्बन्धित अधिकारीले पूर्जी दिन सक्नेछ। त्यसरी बहाली गर्नको निमित्त कुनै खास मिति तोकिएको भए सोही मितिमा र कुनै मिति नतोकिएको भए त्यस्तो बहाली पूर्जी बुझिलिएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र पूर्जी बुझिलिने पदाधिकारीले बहाल गर्नुपर्छ।

(३) आफ्नो काबु बाहिरको अवस्था परेमा बाहेक उप–नियम (२) मा तोकिएको म्यादभित्र बहाली नगर्ने पदाधिकारीको बहाली पूर्जीलाई बहाली पूर्जी दिने अधिकारीले रद्द गर्न सक्नेछ ।

सरदार भीमबहादुर पाण्डे
महालेखापरीक्षक

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजामती किताबखानामा पठाउनु पर्छ । सेवा अवधि पुगी वा स्वेच्छिक अवकाश प्राप्त गर्ने वा श्री ५ को सरकारको स्वीकृति लिई महालेखापरीक्षकले नै अवकाश दिएको वा नोकरीबाट हटाएको पदाधिकारीले भने अवकाश पाएको वा नोकरीबाट हटाएको छ महीनाभित्रमा त्यस्तो फाराम भरी पठाउनु पर्नेछ।

(२) उप–नियम (१) बमोजिमको फाराम भर्न नपाउँदै कुनै पदाधिकारीको मृत्यु भएमा त्यस्तो मृत पदाधिकारीले आफ्नो परिवारको सदस्यहरूमध्ये इच्छाएको व्यक्तिले र कसैलाई नइच्छाएको भए निजको परिवारका सदस्यहरूमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैले निजामती किताबखानामा छ महीनाभित्र फाराम भरी पठाउनु पर्नेछ।

(क) सगोलको पति वा पत्नी,
(ख) सगोलको छोरा,
(ग) सगोलको अविवाहिता छोरी,
(घ) सगोलको बाबु, आमा र छोरापट्टीको नाति,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा,
(छ) भिन्न बसेको अविवाहिता छोरी, बाबु र आमा,
(ज) सगोलको बाबुपट्टीको बाजे, बज्यै, दाजु, भाइ, विधवा छोरा बुहारी र छोरापट्टीको अविवाहिता नातिनी,
(झ) सगोलको अविवाहिता दिदी, बहिनी र विवाहिता छोरी,
(ञ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,
(ट) सगोलका काका, विधवा काकी, भाउजू, भाइ बुहारी, नातिनी बुहारी,
(ठ) भिन्न बसेको दाजु, भाइ,
(ड) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी, भतिजा।

स्पष्टीकरण:– एकै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएको भए सो क्रममा तोकिएका सबै नातेदारहरूले बराबर हिस्सामा मृत पदाधिकारीको निवृत्तभरण पाउन सक्नेछ।

(३) उप–नियम (१) वा (२) बमोजिम फाराम प्राप्त भएपछि निजामती किताबखानाले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने पदाधिकारी वा मृत पदाधिकारीको निवृत्तभरण पाउने नातेदारलाई श्री ५ को सरकारले तोकेको ढाँचामा निवृत्तभरण अधिकारपत्र (पेन्शन प्रमेण्ट आर्डर) दिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

633